# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 21.07.2025**

---

***<u>मुख्यमन्त्री बधाई- मंगन</u>***

स्वच्छ सर्वेक्षण 2024-2025 अन्तर्गत मंगनलाई, सिक्किमको, संभावनायुक्त स्वच्छ शहरको रूपमा चिन्हारी गरिएकोछ।

यो घतलाग्दो उपलब्धि, स्थानीय प्रशासन, समर्पित सफाई कर्मचारी, तथा साफ- सफाई अनि पर्यावरणीय जागरूकता कायम राख्न मंगनका नागरिकहरूको सक्रिय सहभागिता र संयुक्त प्रयासको एक उधाहरण हो। मुख्यमन्त्री प्रेम सिंह तामाङले यस उपलब्धिमा शामेल प्रत्येकलाई आफ्नो हार्दिक बधाई दिनुभएकोछ।

---

***<u>25 सदसीय शिष्टमण्डल- अंतर राजीय युवा विनिमय</u>***

युवा मामिला तथा खेल विभाग सिक्किम सरकार, युवा मामिला मन्त्रालय भारत सरकारसितको सहयोगमा, युवा दलका 25 जना सदस्यहरूको एक प्रतिनिधिमण्डललाई 23 देखि 25 जुलाई, 2025 मा कुरूक्षेत्रमा हरियाणा सरकार द्वारा आयोजित एक अंतर- राजीय युवा विनिमय कार्यक्रममा भाग लिनु पठाएकोछ। My भारतका उप निदेशक पाल्जोर स्टेडियममा अनि प्रतिनिधिमंडल को नोडल अधिकारी मंगल जाखड़ले सहभागीहरूलाई कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो अनि युवाहरूलाई सिक्किमको राज्य स्थापनाका 50 वर्ष पूरा भएको उपलब्धि साथै यहाँको संस्कृति, ऐतिहासिक यात्रा तथा धरोहरको प्रतिनिधित्व गर्न पनि युवाहरूलाई प्रोत्साहित गर्नुभयो।

खेल तथा युवा मामिलाका उप निदेशक S.B सुब्बाले कार्यक्रमको पृष्ठभूमि साझा गर्दै कार्यक्रममा समूह लोकनृत्य, समूह लोक गीत र भाषण प्रतियोगिता जस्ता तीनवटा वर्गहरू हुने, बताए।

'एक भारत, श्रेष्ठ भारत' को प्रेरणादायी मन्त्र अन्तर्गत कार्यक्रम आयोजित हुन गई रहेकोछ जसमा सबै भारतीय राज्य तथा केन्द्र शासित प्रदेशहरूबाट एक हजार भन्दा बढ़ि प्रतिभागीहरू हुनेछन्।

---

***<u>पी एम सूर्य घर: मुफत बिजली योजना</u>***

प्रधानमन्त्री सूर्य घर मुफत बिजली योजना तथा मोडल सौर ग्राम पहलबारे एक जागरूकता कार्यक्रम आज नाम्चीमा आयोजित गरियो।

ऊर्जा विभाग अन्तर्गत सिक्किम नवीकरणीय ऊर्जा विकास एजेन्सी (SREDA) ले नाम्ची नगर निगमसितको सहभागितामा कार्यक्रम आयोजित गरेको थियो जसको उद्देश्य, केन्द्र द्वारा प्रायोजित योजना अन्तर्गत छाना माथि सौर प्रणालीहरूको जड़ान गर्ने फाइदा अनि प्रक्रियाहरूबारे नागरिकहरूलाई बुझाउन रहेको थियो।

SREDA का निदेशक जीवन थापाले विशेषगरि, वढ़दै गएको वैश्विक ताप र पर्यवरणीय क्षय- क्षतिको मध्येनजर, नवीकरणीय ऊर्जातिर बढ़ने तत्काल खांचोमा जोढ़ दिनुभयो। उहाँले भन्नुभयो भारत सरकार द्वारा स्वीकृत प्रधानमन्त्री सूर्य घर मुफत बिजली योजनाको उद्देश्य, पात्र घरहरूलाई छानामाथि सौर पैनलहरूको जड़ान गर्न, 85 हजार 8 सय रूपियाँ सम्मको केन्द्रिय वित्तीय सहायता उपलब्ध गराउनु हो। वित्त वर्ष 2026-2027 सम्म राष्ट्रव्यापी तवरमा, यस योजनालाई लागू गरिनेछ।

---

***कैलाश मानसरोवर***

कैलाश मानसरोवर यात्रीहरूको सातौं समूह रम्फूबाट हिढ़ेकोछ अनि आज सांझ गान्तोक पुग्ने निर्धारितछ।

---

***सिक्किम चेस संघ***

सिक्किम चेस संघ, SCA ले, आईतावार, पाँच माईल, तादोङमा एक दिवसीय Open Blitz चेस टुर्नामेन्ट 2025 को आयोजना गरि अन्तर्राष्ट्रीय चेस दिवस मनायो। विभिन्न आयु- वर्गका कुल 160 चेस खेलाड़ीहरूले टुर्नामेन्टमा भाग लिएका थिए। साथ रोहित गुरूङ, चैम्पियनशीपका चैम्पियन भएका थिए भने थेन्डुप तामाङ दोस्रो स्थानमा अनि आराध्या राज पोखरेलले तेस्रो स्थान प्राप्त गरे।

---

***सुब्रतो कप***

खेल तथा युवा मामिला विभाग, सिक्किम सरकार द्वारा आयोजित सुब्रतो कप अन्तर्राष्ट्रीय फुटबल टुर्नामेन्ट 2025 को 64 औ संस्करण अन्तर्गत जिल्ला- स्तरीय, अन्तर- स्कूल फुटबल टुर्नामेन्ट मंगनमा जारीछ। केटाहरूको 15 वर्ष मुनिको वर्गमा अनि 17 वर्ष  मुनिको केटा र केटीहरूको वर्गमा ठूलो उत्साहका साथ टुर्नामेन्ट जारीछ।

आज 17 वर्ष मुनिका केटीहरूको वर्गको Final Match मा NSA स्कूल र संगन उच्च माध्यमिक विद्यालयमा मुकाबिला भयो जसमा Liberators मार्फत, NSA School सानो अतरले विजयी भयो। यसजीत साथै NSA स्कूलले मंगन जिल्लाको प्रतिनिधित्व गर्दै गान्तोकमा, आउँदो राज्य स्तरीय फुटबल चैम्पियनशीपमा खेल्नेछ।

---